## खण्ड १ : सामूहिक दुर्घटना बीमालेख

यस बीमालेख बहाल रहेको अवधिभर कुनै पनि समयमा बीमित सदस्यलाई कुनै प्रबल, बाहिरी तथा देख्न सकिने माध्यमबाट हुनगएको दुर्घटनाको एकमात्र वा प्रत्यक्ष कारणबाट मृत्यु वा कुनै शारीरिक अंगभंग हुन गएमा कम्पनीले यस बीमालेखको अनुसूचीमा उल्लेखित सुविधाहरुको अधिनमा रही देहाय बमोजिमको लाभको तालिकाको अनुसार भुक्तानी दिइनेछ ।

**लाभको तालिका**

| **खण्ड** | **घटना**<br>**दुर्घटना घटेको १८३ दिन भित्र त्यस्तो दुर्घटनाको एक मात्र वा प्रत्यक्ष कारणबाट बीमितको** | **लाभ** |
|---|---|---|
| (क) | मृत्यु भएमा | बीमाङ्क रकमको १००% |
| (ख) | स्थायी पूर्ण अशक्तता भएमा<br>अ) निको नहुने गरी दुवै आँखाको दृष्टि पूर्ण क्षति भएमा, वा<br>आ) दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने भएमा, वा<br>इ) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि र एउटा आँखाको दृष्टि पूर्ण रुपले क्षति भएमा | बीमाङ्क रकमको १००% |
| (ग) | स्थायी आंशिक अशक्तता भएमा<br>अ) एउटा आँखाको दृष्टि पूर्ण रुपले क्षति भएमा, वा<br>आ) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने गरी क्षति भएमा, वा<br>इ) बोल्ने क्षमता पूर्ण रुपले क्षति भएमा<br>ई) दुवै कानको सुन्ने शक्ति पूर्ण रुपले क्षति भएमा | बीमाङ्क रकमको ५०% |
| घ) | अन्य कुनै अंग भंग भएमा | सम्बन्धित विशेषज्ञले शारीरिक क्षतिको समानुपातिक हुने गरी निर्धारण गरेको बीमाङ्कको प्रतिशत । |

<u>द्रष्टव्य</u> :

क) माथि उल्लेख भएको हात, खुट्टा वा आँखाको दृष्टिको क्षति भई भविष्यमा निको हुने वा नहुने यकिन हुन नसकेको अवस्थामा दुर्घटना भएको दिन देखि १८३ दिन सम्म निको नभएमा पूर्ण रुपले क्षति भएकोमानिनेछ ।

ख) माथि उल्लेखित एक भन्दा बढी दावी योग्य घटनाहरु भएमा प्रत्येक घटनाको लागि निर्धारित रकम र कूल भुक्तानी रकम सम्बन्धित बीमितको बीमाङ्क रकम भन्दा बढी हुने छैन ।

### १.१ दावी नपाइने अवस्थाहरु (अपबाद)

देहायको अवस्थामा दावी भुक्तानी गरिने छैन :

१ जानी जानी आफैले लगाएको चोट, आत्महत्या वा आत्महत्याको प्रयास

२ मादक पेय, लागू पदार्थ औषधि वा उन्मादक पदार्थको सेवनको कारणबाट

३ प्रचलित कानुन बमोजिम अनुमति प्राप्त हवाई जहाज वा तातो हावाको मदतबाट उड्ने बेलुनमा यात्रीको रुपमा यात्रा गर्दा बाहेक,

४ घोडा दौड, बन्जी जम्पिङ्ग, प्यारा ग्लाइडिङ्ग, साइकल, मोटर साइकल वा अन्य कुनै प्रकारको सवारी साधानको दौड, पर्वतारोहण, हिँउमा खेलिने खेलहरु लगायत कुनै पनि प्रकारका जोखिमपूर्ण खेलहरुमा संलग्न भएमा,

५ कूनै कानून उल्लंघन गर्दा उत्पन्न भएको वा सो को परिणाम स्वरुप भएको घटना

६ दुर्घटनाबाट नभई भएको उदवेग वा स्नायू सम्बन्धी चोट वा खराबी,

७ मानव जीवन रक्षा गर्ने प्रयास बाहेक अनावश्यक खतरा मोल्ने काय

८ युद्ध, अतिक्रमण, बिदेशी सैन्य कारवाही, घोषित वा अघोषितं, गृह युद्ध, सैनिक बिद्रोह, राज्य क्रान्ती तथा युद्ध समानका घटनाहरु,

९ आणबिक बिकिरण वा आणबिक इन्धनको ज्वलन पछि शेष रहेको पदार्थबाट निस्कने रेडियो धर्मिता, आणबिक हातहतियार वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भएको घटना,

१० बीमामा समावेश भएको दुर्घटनाको परिणाम स्वरुप हुने कुनै पनि क्षति(Consequential Loss of any nature)

## खण्ड २ : औषधोपचार बीमा

यस बीमालेखमा उल्लेख गरिएका शर्त, सुविधा तथा अपवादका अधिनमा रही बीमितलाई कुनै रोग लागेमा वा दुर्घटना भई शारीरिक चोटपटक लागेमा, त्यस्तो रोग वा चोटपटकको निदानको लागि चिकित्सकको सिफारिसको आधारमा अस्पताल भर्ना भई वा नभई उपचार गर्दाको बास्तविक र आवश्यक रुपले खर्च भएको रकम बीमालेखको अनुसूचीमा उल्लेख भएको रकममा नबढ्ने गरी देहायका शर्तहरुको अधिनमा रही बीमितलाई भुक्तानी गरिनेछ ।

### २.२दावी नपाइने अवस्थाहरु (अपबाद) :

क) यस बीमालेखमा स्पष्ट रुपले अर्को व्यवस्था उल्लेख नभएसम्म निम्न अवस्थामा गरिएका वा निम्न अवस्थासँग सम्बन्धित उपचार खर्च व्यहोरिने छैन ।

१ युद्ध, अतिक्रमण, बिदेशी सैन्य कारवाही, घोषित वा अघोषितं, गृह युद्ध, सैनिक बिद्रोह, राज्य क्रान्ती तथा युद्ध समानका घटनाहरु,

२ आणबिक बिकिरण वा आणबिक इन्धनको ज्वलन पछि शेष रहेको पदार्थबाट निस्कने रेडियो धर्मिता, आणबिक हातहतियार वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भएको घटना,

३ होशमा भई वा नभई गरेको आत्म घात वा आत्महत्याको प्रयास,

४ लागु पदार्थ वा मादक पदार्थ वा नसालु पदार्थको कुलतबाट हटाउन/छुटाउनको लागि गरिएको उपचार खर्च,

५ मोटोपन वा अत्याधिक मोटोपनको उपचार वा तौल नियन्त्रण कार्यमा गरिएको खर्च,

६ मानसिक रोग, सन्ताप, मानसिक वा मनोवैज्ञानिक विचलनको उपचारमा लागेको कुनै पनि खर्च,

७ यौनरोग, यौन सम्बन्धबाट सर्ने रोगहरु जस्तै एड्स (एक्वाइर्ड इम्यून डिफिसियन्सि सेन्ड्रम) वा एचआइभि (ह्युमन इम्यून डेफिसियन्सि भाइरस) संक्रमण र यसबाट हुनसक्ने रोगहरु जस्तै एआरसि (

एड्ससंग सम्बन्धित जटिलता), मस्तिष्कमा हुने लिम्फोमास, मस्तिष्कमा हुने क्यान्सर (कपोसि सार्कोमा), क्षयरोग,

८ गर्भावस्था (स्वैच्छिक गभर्पतन सहित), गर्भपात (दुर्घटना वा बिमारीको कारणवाट वाहेक), मातृत्व वा बालबालिकाको जन्म सुत्केरी सम्बन्धी (शल्यक्रिया सेवा समेत),

९ बाझोपना हटाउन वा गर्भाधारण गर्नका लागि गरिने उपचार वा उपचारको प्रकृया वा सट्टा आमा ( सरोगेट मदर) को रुपमा बच्चा जन्माउने लगायत गर्भ निरोधक औषधि वा सामाग्रीको आपूर्ति, प्रयोग वा सेवाहरु उपभोग गर्दा उब्जीएका जटिलताहरुसंग सम्वन्धित उपचार,

१० अस्पताल भर्ना नभइ गरिने दन्त उपचार एवं अन्य कुनै प्रकारको शल्य क्रिया उपचार,

११ कुनै दुर्घटनाका कारणले भएको घाउ, चोटपटक वा रोगको कारण उत्पन्न समस्याको उपचारको क्रममा चिकित्सकद्धारा प्लाष्टिक एंव कस्मेटिक सर्जरी गर्नु पर्ने भनि प्रमाणित भएको अवस्थामा बाहेक अन्य अवस्थामा गरिने अंगको पुनर्बनोट तथा सुन्दरता सम्बन्धि उपचार वा शल्यक्रियाहरु,

१२ श्रवण प्रयोजनको लागि प्रयोग गरिने उपकरणहरु, चस्मा वा क्न्ट्याक्ट लेन्स (आँखा सम्बन्धि थेरापि समावेश गरिएको), कृत्रिम अंग, वैशाखि, वा अन्य बाह्य उपकरणहरु,

१३ अंग प्रत्यारोपण गर्नुपर्ने अवस्थामा गरिने कुनै पनि खर्चहरु

१४ आत्महत्याको प्रयास वा अन्य जुनसुकै कारणबाट जानीजानी आफैलाई चोट लगाउने, मादक पदार्थ वा रक्सी सेवन गर्ने, दुरुपयोग र दुर्व्यवहारबाट हुने चोटपटक वा विमारी,

१५ बदनियत पूर्वक वा आपराधिक मनसायले बीमितले कानुन उल्लंघन हुने आचरण गर्दा वा त्यसको परिणामबाट निजलाई भएको रोग वा चोटपटक,

१६ अंगदान गर्ने व्यक्तिको छनोट, उपचारलगायत प्रत्यारोपण शल्यक्रियामा सो दाताबाट अंग हटाउन गरिने शल्यक्रिया,

१७ एलोपेथिक उपचार पद्धति बाहेक अन्य उपचार पद्धति,

१८ अस्पताल भर्नाको वा सो को परिणाम स्वरूप हुने वा अप्रत्यक्ष नोक्सानी वा खर्चहरू ।